


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

खोपः कोरोनाको पूर्ण रोकथाम होइन, यसले सुरक्षित हुन सघाउने मात्र हो।
खोप लगाऔं, अनुशासित जीवनशैली अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १४ गते आइतबार ❑ 31 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

# संघीय निजामती ऐन अगाडि बढ्छ : मन्त्री पौडेल

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले संसद्मा रोकिएको सङ्घीय निजामती ऐन अगाडि बढ्ने बताउनुभएको छ।




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को शुभेच्छुक संस्था नेपाल राष्ट्रिय कर्मचारी महासङ्घ गण्डकी प्रदेशको दोस्रो भेलालाई शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले ठूलो मेहेनतबाट तयार गरिएको निजामती ऐन विभिन्न कारणले संसद्मा अड्किएको भए पनि अब अगाडि बढाइने बताउनुभयो।

सो ऐन अघि बढाउन मन्त्रिपरिषद्को बैठकमा समेत छलफल भएको मन्त्री पौडेलले जानकारी दिनुभयो। माओवादी केन्द्रका स्थायी कमिटी सदस्यसमेत रहनुभएका मन्त्री पौडेलले अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा पार्टीलाई पुनःगठित र पुनःजीवित गर्ने सङ्कल्प पछिल्लो पार्टी केन्द्रीय कमिटी बैठकले गरेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "अन्य पार्टीभित्र नेतृत्वको झगडा भए पनि हामीमा त्यस्तो छैन, अध्यक्ष प्रचण्डको नेतृत्वमा नै देशको प्रमुख पार्टी बनाउने सङ्कल्प गरेर अघि बढेका छौँ, विसं २०६४ कै अवस्थामा पार्टीलाई पुऱ्याउँछौँ।" माओवादीको आगामी राष्ट्रिय सम्मेलनपछि देश निर्माणको वैचारिक नीति, दार्शनिक दृष्टिकोण र सशक्त नेतृत्व निर्माण गरेर अगुवाइ गरिने जनाउँदै पौडेलले सम्मेलनसम्म पार्टी पुनःगठनको प्रारम्भिक प्रक्रिया चल्ने बताउनुभयो।

अहिलेको संयुक्त सरकारसमेत पार्टी निर्माणमा सहयोगी भूमिकामा रहने उल्लेख गर्दै उहाँले पाँच दलीय गठबन्धनलाई आगामी निर्वाचनसम्मसँगै लिएर जाने योजना रहेको स्पष्ट पार्नुभयो। माओवादी केन्द्र गण्डकी प्रदेशका सहइन्चार्ज एवं प्रतिनिधिसभा सांसद यशोधा सुवेदीले निजामती क्षेत्रले राज्यको परिवर्तित अवस्थालाई मध्यनजर गरी सरल र सहजरूपमा सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा विश्व ट्रेड युनियन महासङ्घका केन्द्रीय सदस्य एवं नेपाल राष्ट्रिय कर्मचारी महासङ्घका सहअध्यक्ष मोहनमान स्वाँर, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन निजामतीका केन्द्रीय अध्यक्ष हरिबहादुर रावल, अखिल नेपाल ट्रेड युनियन महासङ्घ गण्डकीका संयोजक रुद्र गौतम, राष्ट्रिय कर्मचारी सङ्गठन निजामती गण्डकीका अध्यक्ष कृष्णप्रसाद पौडेललगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

भेलाले नयाँ नेतृत्व चयन गर्ने महासङ्घका संयोजक तारानाथ सुवेदीले जानकारी दिनुभयो।

# राष्ट्रपति भण्डारीबाट मुक्तिनाथमा पूजाअर्चना

रासस
काठमाडौं, १३ कार्तिक

राष्ट्रपति विद्यादेवी भण्डारीलेशनिबारबिहानमुक्तिनाथ मन्दिरमा पूजाअर्चना गर्नुभएको छ। राष्ट्रपतिबाट त्यस अवसरमा मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदी र आनी कार्पोबाट टीका ग्रहण गर्नुभयो।

मुक्तिनाथको दर्शन भ्रमणका लागि उहाँ शनिबार काठमाडौँबाट नेपाली सेनाको हेलिकप्टरबाट मुक्तिनाथ पुग्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।



राष्ट्रपति भण्डारीलाई मुक्तिनाथ मन्दिरका पुजारी तथा पदाधिकारी, सांसद प्रेमप्रसाद तुलाचन, नेकपा (एमाले) का नेत्री श्रीमाया थकाली, प्रदेशसभा सदस्य, मुस्ताङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा, जनप्रतिनिधि तथा स्थानीयले स्वागत गर्नुभएको थियो।

नेपालमा लामो समयदेखि कारोना भाइरसको महामारीबाट धार्मिक पर्यटनसम्बन्धी गतिविधी एवं तीर्थयात्रा हुन सकेको छैन। यस अवस्थामा नेपालको पर्यटन एवं तीर्थयात्रा सुरिक्षत छ भन्ने सन्देश दिन र नेपालका सुप्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्यको प्रचार होस् भन्ने हेतुले राष्ट्रपति भण्डारी आज मुस्ताङ जिल्लामा अवस्थित सुप्रसिद्ध मुक्तिनाथ मन्दिर पुग्नुभएको राष्ट्रपति कार्यालयले जानकारी दिएको छ।

मुक्तिनाथ हिन्दू र बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल हो। राष्ट्रपति भण्डारी आजै बागलुङ जिल्लामा अवस्थित ढोरपाटन शिकार आरक्षको अवलोकन भ्रमणमा पनि जानुहुने भएको छ।

# 'विगतका कमजोरी सच्याउँदै कांग्रेस सुदृढ बनाऔँ'

पोखरापत्र संवाददाता
दमौली, १३ कार्तिक

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले विगतमा भएका गल्ती तथा कमजोरीलाई सच्याउँदै पार्टीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ। नेपाली कांग्रेस व्यास नगर समिति वडा नं ६ ले दीपावली, छठलगायत पर्वका अवसरमा शनिबार आयोजना गरेको शुभकामना

बाँकी अन्तिम पृष्ठमा ▶▶

## leadership mentoring programme

A year-long mentorship programme for young women in Nepal to enhance leadership skills

Australian Government · British Council · British Embassy Kathmandu · European Union · Embassy of Switzerland in Nepal · UNDP · unicef for every child · United Nations Nepal · USAID

Deadline: Tuesday, 16 November 2021, 23:59 NPT
To Apply: bit.ly/3ALJ1XL


काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरुको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरुलाई आह्वान गर्दछौं।

सफल उम्मेदवारहरुले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (Nicola Pollitt)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (Felicity Volk)
- नेपालका लागि युरोपियन यूनियनका राजदूत, महामहिम नोना डुप्रेज (Nona Duprez)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (Elisabeth von Capeller)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीम्वान्सड् (Sepideh Keyvanshad)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (Shahida MacDougall)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (Sara Beysolow Nyanti)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विश्च (Elke Wisch)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (Ayshanie Medagangoda–Labe)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal मा जानुहोस्।



# भरतपोखरी/निर्मलपोखरीमा पानी परीक्षण गर्न प्रयोगशाला स्थापना गर्न पहल गर्छु: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा २१ र ३३ मा पर्ने भरतपोखरी/निर्मलपोखरीमा पानी परिक्षणको लागि प्रयोगशाला स्थापना गर्न विशेष पहल गर्ने बताउनु भएको छ । भरतपोखरी कृस्ती निर्मलपोखरी सहलगानी खानेपानी आयोजना उपभोक्ता संस्थाको शनिबार सम्पन्न भएको १४ औं बार्षिक साधारण सभा तथा अधिवेसनको उद्घाटन गर्दै मन्त्री बरालले उक्त क्षेत्रमा तत्काल पानी परिक्षण गर्न स्थानियको माग भएकोले उक्त माग पुरा गर्न आफु कटिवद्ध भएको बताउनु भएको हो ।

पिउने पानीको समस्या समाधान गर्न संघिय सरकार र पोखरा महानगरको ध्यान केन्द्रित भएको अबस्थामा अब सुद्धपानी उपलब्ध गराउने गरी प्रयोगशाला र बिद्युतबाट लिफ्टिङ खानेपानीको शुल्कः ५० प्रतिशत सहुलियत दिने बिषयमा समेत पहल गर्ने मन्त्री बरालले जनाउनु भयो । स्थानियको माग अनुसार सहिद विजय ढकाल र स्वं रविन्द्र अधिकारीको स्मृतिमा स्मृति पार्क बनाउने बिषयमा समेत आवश्यक प्रकृया अघि



बढाउन मन्त्री बरालले स्थानियलाई सुझाव दिनु भयो ।

एकतामा सबै भन्दा मजबुत दागत हुने दाबी गर्दै मन्त्री बरालले देशमा हाल राजनीतिको जटिल परिस्थितीमा देश पुगेको बिष्लेषण गर्नु भयो । संघिय खानेपानी तथा ढल व्यबस्थापन विभागका केन्द्रिय खानेपानी आयोजनाका प्रमुख चक्रपाणि आचार्यले उक्त क्षेत्रमा अब सम्र्रग खानेपानी परियोजनालाई समेटेर टेण्डर गर्ने बताउनु भयो । अब कम्तिमा २० बर्ष पानीको समस्या नहुने गरी आयोजना पुरा गर्न सवैको सहयोग आवश्यक भएको उहाँले बताउनु भयो । खानेपानीका अधुरा काम पुरा गरी बाँकी रहेको खानेपानी परियोजनालाई पुरा गर्न डिपिआर गर्ने प्रमुख आचार्यले जनाउनु भयो । संघिय खानेपानी तथा ढल व्यबस्थापन कार्यालय पोखराका वाल मुकुन्द श्रेष्ठले ट्याकी निर्माण सहितका बाँकी काम अब तत्काल सुरु हुने दाबी गर्नु भयो ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादीका केन्द्रिय सदस्य एवं कास्कीका अध्यक्ष धनराज आचार्य, पोखरा ३३ का वडा अध्यक्ष शिव प्रसाद आचार्य, नेपाली कागेंसका नेता केवल गिरी, एमालेका नेता दीपक लामिछाने, माओबादी केन्द्रका नेता पूर्णदिप सिग्देल, जनता समाजवादी पार्टीका नेता एवं सल्लाहकार हेम बहादुर थापा, आयोजनाका सल्लाहकार मनोहर आचार्य, राजेन्द्र पौडेल, दीपक सुवेदी, प्रकाश पौडेल, स्थानिय बिष्णु आचार्य, खड्ग हमाल, मुक्ति पौडेल, आयोजनाको अनुगमन समितिका सदस्य भरत भट्टराई, सचिव नारायण बहादुर केसी, कोषाध्यक्ष देवी माया अधिकारी लगायतले वोलेका थिए । उक्त आयोजना सम्पन्न गराउन स्थानियको २० प्रतिशत लगानी गर्न नसक्ने अबस्थामा रहेको संस्थाका अध्यक्ष दाताराम शर्माले बताए । स्थानियको आय स्तर न्यून भएकोले उक्त रकम जोहो गर्न स्थानियलाई कठिन हुने भएको उहाँले बताउनु भयो । ५६ किलोमिटर टाडाबाट खानेपानीको व्यबस्थापन गर्नुपर्ने संस्थालाई

अर्को चुनौती रहेको उपाध्यक्ष शिवराज आचार्यले बताए । करिब ४ बर्ष अघि यस क्षेत्रमा २ हजार २ सय ६० घर धुरीमा धारा जडान गर्ने योजना अघि बढेसंगै हाल सो क्षेत्रमा हाल ३ हजार ४ सय जना घर धुरीबाट पानीको माग आएको उहाँले बताउनु भयो । स्थानियले सुरुमा उक्त पानीको धारा जडान गर्दा हाल १६ हजार रुपैया शुल्क तिर्नु पर्ने बाध्यता रहेको छ ।

पोखरा २१ र ३३ स्थित भरतपोखरी कृस्ती निर्मलपोखरी क्षेत्रमा करिब ५ हजार घर धुरीमा पुग्ने पिउने पानी उपलब्ध गराउन करिब एक अर्ब लगानी हुने आचार्यले जनाए । संस्थाले ५० हजार देखि ५ लाख लिटर क्षमताका २५ वटा पानी ट्याङ्की निर्माण गर्दै छ । खानेपानी परियोजना हालसम्म करिब ८० प्रतिशत मात्र पुरा भएको उपाध्यक्ष आचार्यले जनाए ।

# हिमालय क्लबको अध्यक्षमा बस्नेत

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

हिमालय क्लब पोखरा-१६ बाटुलेचौरको २५ औं वार्षिक साधारण सभा तथा १२ औं अधिवेशनले आगामी कार्यकालको लागि सुशिल बस्नेतको अध्यक्षतामा १५ सदस्यीय कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

निर्वाचित कार्यसमितिको निवर्तमान अध्यक्ष मोहनबहादुर थापा, प्रथम उपाध्यक्ष दुर्गालाल श्रेष्ठ, द्धितीय उपाध्यक्ष प्रकाश थापा, सचिव शिवराज देवकोटा, सहसचिव तुलबहादुर बस्नेत, कोषाध्यक्ष पुष्पराज अधिकारी, सहकोषाध्यक्ष लक्ष्मी तिमिल्सिना रहेका छन् । यसैगरी सदस्यहरुमा विष्णु नेपाली, प्रकाश



भट्टराई, लक्ष्मी श्रेष्ठ, भुवन बहादुर बस्नेत, योगेन्द्रबहादुर बस्नेत, सरिता अधिकारी र लालकुमार अधिकारी रहेका छन् ।

सभाले सचिव प्रकाश थापा र कोषाध्यक्षबाट प्रस्तुत क्लबको प्रगति प्रतिवेदन र कोष प्रतिवेदन पास गरेको छ । सभामा क्लबका मानार्थ सदस्य एवं पूर्व भलिवल खेलाडी उदयबहादुर बस्नेतको स्मृति मा क्लबबाट संचालित र स्थापित स्व.उदयबहादुर बस्नेत स्मृति भलिबल खेलाडी सम्मानबाट नेपाल भलिबल टिमका टिम कप्तान इम राना मगरलाई नगद पुरस्कार सहित पुरस्कृत गरेको थियो ।

क्लबका अध्यक्ष मोहनबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लबका मानार्थ सदस्य बेनीबहादुर बस्नेत, वडा नं. १६का वडाध्यक्ष जीवन प्रसाद आर्चाय, नव आदर्श सामुदायिक विकास समाजका कोषाध्यक्ष खुशीमान गुरुङ, अधिवेशन तयारी समितिका संयोजक चित्रबहादुर थापा, सल्लाहकार रामबहादुर बानियाँ लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# राष्ट्रिय बिभूति शंखधर साख्वाको शालिक अनावरण गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

राष्ट्रिय बिभूति शंखधर साख्वाको शालिक अनावरण गरिने भएको छ ।

पोखरा महानगरपालिका ३ नदिपुरस्थित बिरेन्द्र पार्कका निर्माण गरिएको नेपाल संवतका प्रर्वतक साख्वाको सालिक नेपाल संवत ११४२ को अबसरमा कार्त्तिक १९ गते अनाबरण गरिने भएको शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो ।

साढे पाँच लाखको लागतमा निर्माण गरिएको सालिकको पूर्व उपप्रधानमन्त्री गोपालमान श्रेष्ठले अनावरण गर्ने पार्क निर्माण समितिका अध्यक्ष बसन्त कतिलाले जानकारी दिए । सो




अबसरमा संस्थाले प्रकाशन गरेको स्मारिका समेत विमोचन गरिने छ ।

पवित्र धार्मिक स्थल नारायण स्थान संगै रहेको पार्कलाईपनि धार्मिकसंगै पर्यटकिय स्थलको रुपमा विकाश गर्न शालिक स्थापना गरिएको अध्यक्ष कतिलाले जानकारी दिए । करिब ४ रोपनी क्षेत्रफलमा फैलिएको पार्कलाई ठोस गुरुयोजना बनाएर अझ व्यबस्थित बनाउने समितिको योजना रहेको उनले बताए । राजा राघवदेवको पालामा साख्वाले गरिबहरुको ऋण मोचन गरि दासत्वबाट मुक्ति दिलाएको अवसरमा राजाबाट नेपाल संवत चलाइएको रहेको धारणा छ । साख्वालाई सरकारले २०५६ साल मसिंर ३ मा राष्ट्रिय बिभूति घोषणा गरेको थियो ।

# चौथो अभियानकप उपाधी मट्टिखानलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

चौथो अभियान कप भलिबल प्रतियोगिता मट्टिखान युवा क्लबले जितेको छ ।

शनिबार सम्पन्न फाइनल खेलमा पोखरा टप्सलाई ३-१ को सेटमा हराउँदै उपाधी जितेको हो । उपाधीसंगै मटिट्खानले नगद ५५ हजार ५ सय ५५ रुपैंया सहित ट्रफि, मेडल र प्रमाणपत्र हात पार्‍यो । उपविजेतामा सिमित पोखरा टप्सले २५ हजार ५ सय ५५ रुपैंया सहित ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । अभियान युथ क्लबको आयोजनामा पोखरा ५ मालेमाटन स्थित बाराही खेल मैदानमा भएको फाइनल खेलमा मट्टिखानले पोखरा



टप्सलाई २५-२१,२१-२५,२५-१५ र २५-१७ को सेटमा हराउँदै उपाधी चुमेको हो । फाइनल अघि शनिबार नै भएको सेमिफाइनल खेलमा मट्टिखानले बाराही मा.वि. तथा पोखरा टप्सले शान्ता बलिबल ट्रेनिङ सेन्टरलाई हराउँदै फाइनल प्रवेश गरेको थियो । प्रतियोगिताको उत्कृट्ट खेलाडी मट्टिखानका राजकुमार नेपाली घोषित भए । यस्तै उत्कृष्ट सर्भर टप्सका विवेक ठकुरी, उत्कृष्ट ब्लकर मट्टिखानका रमेश गुरुङ, उत्कृष्ट डिफेन्डर मट्टिखानकै उत्तम गुरुङ, उत्कृष्ट सेटर पनि मट्टिखानकै बेलबहादुर परियार र उत्कृष्ट स्पाइकर मट्टिखानकै भुपेन गुरुङ घोषित भए ।

विधागत उत्कृष्ट सबैले ट्रफि हात पारे । प्रतियोगिता असोज ११ गतेदेखि सुरु भएको थियो । प्रतियोगितामा कुल १२ टिमलाई मात्रै सहभागिता गराइएको थियो । विजेता बन्न सफल टिमले पाँचौ संस्करणको प्रतियोगितामा स्वत : राखिने र सहभागिताका लागि कुनै शुल्नक नलाग्ने प्रतियोगिता संयोजक राजु गिरीले जानकारी दिए ।

# कर्मचारी महासंघबाट मन्त्री सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

नेपाल राष्ट्रिय कर्मचारी महासंघ गण्डकी प्रदेश स्तरिय भेलाको अवसरमा महासंघले संघीय तथा प्रदेशका मन्त्रीहरुलाई सम्मान गरेको छ ।

महासंघले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडल र गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनलाई सम्मान गरेको हो । नेकपा माओबादी केन्द्रका नेता मन्त्री जस्तो गरिमामय पदमा पुगेकोले उहाँहरुको कार्यकालको सफलताको कामना सहित उक्त अवसरमा फुल, माला र दोसल्ला ओढायर सम्मान गरिएको महासंघका संयोजक तारानाथ




सुवेदीले बताए ।

यसैबिच उक्त भेलाले तारानाथ सुवेदीको संयोजकत्वमा नयाँ टिम चयन गरेको छ । महासंघको अन्य सदस्यहरुमा तारा अधिकारी, राजेन्द्र दाहाल, ई.आनन्द भट्टराई, सागर घिमिरे, सुरेन्द्र सापकोटा, शशि कार्की, तारादेवि बराल, नानु थापा, पवित्रा शर्मा, हरिमाया खत्री, बिष्णुमाया उप्रेती, दिनवन्धु शाह, जितु नेपाल, गुरुदत्त ढकाल, जितु नेपाली, गोपी लामिछाने, प्रदिप गौतम, अमरराज भण्डारी र अम्बिका बस्नेत रहेका छन् ।

# विगतका...

आदानप्रदान कार्यक्रममा भण्डारीले कांग्रेस सुदृढ नभएसम्म आम निर्वाचन जित्न नसकिने बताउनुभयो ।

कांग्रेस नेता कार्यकर्ताबीच भावनात्मक एकता नहुँदा गत निर्वाचनमा कांग्रेसले नराम्रोसँग पराजय भोग्नुपरेको जनाउँदै पूर्वमन्त्री भण्डारीले भन्नुभयो, “मेरा तर्फबाट केही गल्ती भए स्वीकार गर्न म तयार छु, सबैले आ-आफ्नो कमजोरी स्वीकार गरौँ र पार्टीलाई एक ढिक्का बनाऔँ ।” पूर्वमन्त्री भण्डारीले नेतृत्वमा रहेका नेताको निर्णयका कारण पनि पार्टीले हार व्यहोर्नुपरेको टिप्पणी गर्नुभयो । पार्टीमा केही समस्या रहेकाले समस्याको समाधान नगरेसम्म पार्टी नबन्ने भण्डारीको जिकिर थियो । “कतिपय ठाउँमा एकाङ्की तरिकाले टिकट बाँडियो, केन्द्रीय तहमा रहेका हामीहरूसँग पनि सल्लाह भएन”, उहाँले भन्नुभयो, “कित्ताकाट नगरी एक भएर अगाडि बढौँ, आगामी चुनाव जितिन्छ ।”

पार्टीको १४औँ महाधिवेशनमा तनहुँका रहेका पुराना र युवापुस्ता दुवैलाई मिलाएर लैजानुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, “अहिले पनि केही नेताले कोठामा बसेर कित्ताकाट गर्ने काम गरिरहेका छन्, तेरो र मेरो मान्छे भनेर विभाजन गर्ने काम भइरहेको छ, त्यस्ता काम बन्द गरौँ ।” उहाँले आम निर्वाचनमा कांग्रेसलाई जिताउन बरु आफू उम्मेदवार नबन्ने घोषणा गर्नुभयो । आमन्त्रित केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य ध्रुव वाग्लेले कांग्रेसभित्रको वातावरण दूषित हुँदै गएकाले त्यसलाई सुधार गर्नुपर्नेमा जोड दिनुभयो । कांग्रेसभित्र नीतिभन्दा नेता हाबी हुने प्रवृत्ति मौलाएको जनाउँदै उहाँले भन्नुभयो, “पार्टीमा नीति ठूलो हो, विचार ठूलो हो नेता होइन, सबैलाई मिलाएर लैजान सक्ने पार्टी नेतृत्व आवश्यक छ ।” नेपाली कांग्रेस तनहुँका सभापति वैकुण्ठ न्यौपानेले निर्वाचनको परिणामलाई बिर्सदै सद्भावको यात्रा बढाउन सके कांग्रेस एक ढिक्का हुनसक्ने बताउनुभयो ।

# ३७२ संक्रमित, ११ को मृत्यु

**रासस**
**काठमाडौं, १३ कार्तिक**

देशभर पछिल्लो २४ घण्टामा थप ३७२ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय सात हजार ९११ को परीक्षण गर्दा उक्त सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । यससँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आठ लाख १२ हजार ९९४ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९४ हजार ५०३ छ । पछिल्लो समय थप ९११ जना निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या सात लाख ९१ हजार २६९ पुगेको छ । निको हुने दर ९७.४ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।


हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ३९९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ११ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । अहिले यस रोगबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी पछिल्लो समय एक लाख ७३ हजार ५९ ले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# महाधिवेशनको तयारीमा एमाले

संसद्को सबैभन्दा ठूलो दल नेपाल कम्युनिस्ट पार्टी एमाले महाधिवेशनमा होमिएको छ । एमालेले देशभर एकैचोटि कार्तिक २७ गते महाधिवेशन प्रतिनिधिको निर्वाचन गर्ने भएको छ। चितवनमा मंसिर १०-१२ गतेसम्म हुने दशौं महाधिवेशनको तयारीमा एमाले जुटेको छ । महाधिवेशन सम्पन्न गर्न १२ वटा विभिन्न समिति गठन गरेको छ। अरु दल भन्दा फरक तरिकाले महाधिवेशन गर्ने छाँटकाँट एमालेले देखाउन थालेको छ। पालिकाको अधिवेशन कार्तिक ९ गते एकै दिनमा भएको छ। सुदूरपश्चिम प्रदेशका केही जिल्ला बाहेक सबै ठाउँमा अधिवेशन सम्पन्न भइछन । एमालेले भनेअनुसार नै पालिका,ईलका/ हुँदै आधारभूत तह वार्डको अधिवेशन सम्पन्न भएका छ।

देशको प्रमुख राजनीतिक दल एमालेले करिब ६ हजार वडामा एकैसाथ वडा अधिवेशन गरेको छ नेकपा एमालेले प्रबिधिको प्रयोग गरि एकैपटक वडा अधिवेशनको उद्धाटन र संबोधन गरेर पार्टीको जगलाई बलियो बनाएको छ । बाढीपहिरोका कारण केही जिल्लाबाहेक देशभरका वडा कमिटीको अधिवेशन भएको छ । वडा कमिटीमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिवसहित ३१ जना निर्वाचित भएका छन् । गाउँपालिका र नगरपालिकामा ३१ सदस्यीय कमिटी, उपमहानगरपालिकामा ४१ सदस्यीय कमिटी र महानगरपालिकाका वडा कमिटीमा ५१ सदस्यीय कमिटी निर्वाचित हुन्छन् । कमिटीलाई ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ।

बाढीपहिरोकाकारणलेरोकिएकोअधिवेशनएकहप्ताभित्र गर्ने योजना छा देशैभरिका वडा र पालिकाअधिवेशनको उद्धाटन पार्टी केन्द्रीय कार्यालयबाट अध्यक्ष केपी ओलीले गरेका थिए। एमालेले राष्ट्रिय महाधिवेशनको तयारीस्वरूप शनिबार पहिलो चरणमा वडा कमिटीको अधिवेशन गरेको हो। एमालेले वडा अधिवेशन सकेर ९ कात्तिकमा पालिका अधिवेशन गरेको छा । आगामी १० देखि १३ मंसिरमा एमालेको १०औं राष्ट्रिय महाधिवेशन चितवनमा हुने भएको छ। अरुले भन्दा भिन्न तरिकाले सोच्ने र काम गर्ने एमाले सर्वसम्मत नेतृनत चयन गरेको छापार्टीलाई गतिशील बनाउने काममा एकैदिल अधिवेशन गर्दा धेरै अनुकूलता छ। एमालेले अरु दललाई पनि चुनावमा जाने वातावरण बनाउनु राम्रो संकेत हो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : मन चञ्चल | मकर | : शत्रुको भय |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# देशभर चिसो बढ्यो: जुम्लाको तापक्रम दुई डिग्री

**रासस**
**काठमाडौं, १३ कार्तिक**

काठमाडौं उपत्यकासहित देशभर चिसो बढेको छ । शुक्रबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १२ दशमलव एक डिग्री रहेकोमा आज १० दशमलव ६ डिग्रीमा झरेको छ।

काठमाडौं उपत्यकासहित देशभर औसतमा दैनिक एकदेखि दुई डिग्री सेल्सियससम्म तापक्रम घट्न थालेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। अब चिसो निरन्तर बढ्दै जाने विभागका मौसमविद् शान्ती कँडेलले बताउनुभयो। दिउँसोपख घाम लागे पनि बिहान र बेलुका चिसो महसुस हुने गरेको छ । महाशाखाका अनुसार नेपाली वायुमण्डलमा पश्चिमी वायुको प्रभावसँगै जाडोयाम शुरु हुन्छ। केही दिनअघिदेखि दिउँसोको तापक्रमसमेत दुईदेखि तीन डिग्री सेल्सियसका दरले घटिरहेको छ। हाल देशको पहाडी तथा हिमाली भूभागमा आंशिक बदली र बाँकी भूभाग मौसम सामान्यतया सफा रहेको छ। उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १० दशमलव ६ डिग्री र अधिकतम तापक्रम २५ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ।

# राष्ट्रपति भण्डारी ढोरपाटन आरक्षमा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ कार्तिक**

राष्ट्रपति विद्यादेवी भण्डारीले आज ढोरपाटन शिकार आरक्ष क्षेत्रको अवलोकन भ्रमण गर्नुभएको छ । नेपाली सेनाको हेलिकप्टरमार्फत दिउँसो १२:४० बजे ढोरपाटन आइपुग्नुभएकी उहाँले आरक्ष कार्यालयको निरीक्षणसमेत गर्नुभयो।

निरीक्षणपछि राष्ट्रपतिसमक्ष आरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेल र आरक्षको सुरक्षार्थ तैनाथ नेपाली सेनाको शत्रुमर्दन गुल्मका गुल्मपति सेनानी गोविन्द विष्टले आरक्षका गतिविधि र सुरक्षा स्थितिबारे प्रस्तुतीकरण गर्नुभएको थियो। राष्ट्रपति भण्डारीले आरक्षमा रहेका सङ्ग्रहालयका साथै ढोरपाटन उपत्यकाकोदृश्यावलोकनगर्नुभएको प्रमुख संरक्षण अधिकृत कँडेलले जानकारी दिनुभयो । राष्ट्रपतिको भ्रमणलाई लक्ष्य गरी आरक्ष क्षेत्रमा सुरक्षा र व्यवस्थापकीय प्रबन्ध चुस्त पारिएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले जानकारी दिनुभयो।

राष्ट्रपति भ्रमणमा आउनुहुने भएपछि प्रजिअको नेतृत्वमा सुरक्षा निकायका प्रमुखलगायत सरकारी निकायका पदाधिकारी हिजै ढोरपाटन पुगेका थिए । ढोरपाटन देशकै एकमात्र शिकार आरक्ष रहेको क्षेत्र हो । शिकार पर्यटनका लागि विश्वकै विख्यात ढोरपाटनमा अहिले शिकारको याम चलिरहेको छ। सौखिन र खर्चिला विदेशी शिकारीको रोजाइमा ढोरपाटन पर्ने गरेको छ। एक हजार ३२५ वर्ग किमीमा फैलिएको आरक्ष बागलुङ, म्याग्दी र रुकुम जिल्लाको उच्च पहाडी र हिमाली भू-भागमा अवस्थित छ।

पर्यटकीय क्षेत्र ढोरपाटन देशकै ठूलो उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना बनाउने सरकारी घोषणाले पनि चर्चामा छ । राष्ट्रपतिको भ्रमणले ढोरपाटन क्षेत्रको विकास र प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ।

# पृथ्वी राजमार्ग आसपासका रूख काट्न थालियो

**रासस**
**दमौली, १३ कार्तिक**

पृथ्वी राजमार्गअन्तर्गत मुग्लिङ-पोखरा सडकखण्ड विस्तारका लागि रूख काट्न सुरु गरिएको छ । मुग्लिङ-पोखरा सडकखण्ड चार लेन विस्तारका क्रममा तनहुँ खण्डका रूख काट्न थालिएको हो।

बन्दीपुर गाउँपालिका-५ याम्पाफाँट आसपासका रूख काट्न थालिएको छ । पहिलो चरणमा याम्पादेखि आँबुखैरेनीसम्मका रूख काटिने छ। सडक विस्तारका क्रममा तनहुँ खण्डमा ६ हजार सात सय ५० रूख काट्नुपर्ने छ। तनहुँ खण्डमा रूख काट्न वन विभागबाट स्वीकृति पाइसकेको डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार सडक आयोजनाले रूख काटेर वन कार्यालयलाई बुझाउनुपर्ने हुन्छ। कास्की खण्डमा भने एक हजार दुई सय पचास रूख काट्न विभागबाट स्वीकृति लिने प्रक्रिया अघि बढाइएको छ।

सडक विस्तारका लागि निर्माण कम्पनीले चीनबाट उपकरण ल्याएको छ । सडकखण्डको ८० किलोमिटरमध्ये म्याग्दे गाउँपालिका-१ गुणादी क्षेत्रको आठ किलोमिटर दूरीमा सडक आसपासको बिजुलीको पोल सार्ने काम सकिएको छ। विसं २०२६ मा रेखाङ्कन भएको उक्त सडकमा सवारीसाधनको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ । आँबुखैरेनी-जामुने पूर्वी खण्डको ४१.४५ किलोमिटर सडक स्तरोन्नतिको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ। जामुने-पोखरा पश्चिम खण्डको ३९ किलोमिटरको ठेक्का चिनियाँ कम्पनी यनहुई काइयुआन हाइवे एन्ड ब्रिज कम्पनीले पाएको छ । हाल आँबुखैरेनी-जामुने पूर्वी खण्डको काम सुरु भएको छ। जामुने-पोखरा पश्चिम खण्डमा भने काम सुरु हुने चरणमा छ। निर्माण कम्पनी फिल्डमा आएर काम थालेको मुग्लिन पोखरा सडक योजना (आँबुखैरेनी-जामुने) पूर्वी खण्डका योजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । रु ६ अर्ब २१ करोड ३१ लाखको लागतमा सो खण्डको ठेक्का सम्झौता भएको छ। मुग्लिन पोखरा सडक योजना पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का पाएको यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सन कम्पनीका प्रतिनिधि भने कोरोनाको कारण भदौ दोस्रो साता मात्रै नेपाल आइपुगेका छन् । भदौ १३ गते यनहुईका प्रतिनिधिले निर्माण प्रतिबद्धता जनाएको योजना प्रमुख प्रेमप्रकाश खत्रीले जानकारी दिनुभयो।

भदौ २७ गते निर्माण कम्पनीलाई कार्यक्षेत्र हस्तान्तरण गरिएको छ । निर्माण कम्पनीका प्रतिनिधि आए पनि कामदार भने आइपुगेका छैनन् । नेपाल आएका प्रतिनिधिले अस्थायी कार्यालय खडा गरेका छन्। कार्यालय बनाउनलाई डिजाइन गर्ने, निर्माणस्थलको निरीक्षण, बीमा र पेस्की लिनका लागि कागजात तयार पार्ने काम प्रतिनिधिले गरिरहेका छन् । रु सात अर्ब ४० करोड ४६ लाखको लागतमा यो प्याकेजको ठेक्का लागेको छ।

चार लेनको सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ। डिजाइन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

सडक चार लेनको बने अहिले भएका पुलको ठाउँमा नयाँ पुल बनाइनेछ । आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण गर्नुपर्ने मुग्लिन पोखरा सडक योजना पश्चिम (जामुने-पोखरा) खण्डका योजना प्रमुख अधिकारीले जानकारी दिनुभयो। एकतिसमध्ये दमौलीस्थित मादी नदी र पोखरास्थित सेती नदीमा पुल निर्माणको ठेक्का लगाउन बाँकी रहेको उहाँले बताउनुभयो। अरू २९ पुल दुई प्याकेजमा लगाइएको ठेक्काअन्तर्गत नै निर्माण हुनेछ।

आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दूरीको भने डिजाइन हुँदैछ। यो खण्डमा हाल पृथ्वीराजमार्गको भएको स्थानमा मर्स्याङ्दी जलविद्युत् गृह छ । जलविद्युत् गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको छ। चालु आर्थिक वर्षमा सङ्घीय सरकारले मुग्लिङ-पोखरा चार लेन सडक योजनाका लागि रु चार अर्ब ४३ करोड ४३ लाख बजेट विनियोजन गरेको छ। गत आर्थिक वर्षमा रु दुई अर्ब नौ करोड ५४ लाख चार हजार विनियोजन भएको थियो।

# कृष्णबहादुर ढेवाजू- टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानमा शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**



नौ वर्षको उमेरमा बाबाले दिएको चिठ्ठी लिएर टेकवहादुर ढेवाजू घरमा गएको सम्झना आज झल झली आएको छ शिक्षासेवी डा विश्वकल्याण पराजुलीलाई।

ढेवाजूको फोटो हेर्दे आँफु पनि ढेवाजू जन्मेकै मोहरीया टोलमा जन्मेको स्मरण गर्दै ढेवाजूको शैक्षिक क्षेत्र तथा भौतिक विकासमा पुराएको योगदानको वारे लेक सिटी कलेज संचालक समितिका अध्यक्ष समेत रहेका डा.पराजुलीले चर्चा गरे। कृष्णबहादुर ढेवाजू टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानले शनिवार आयोजना गरेको दिपावली पर्वको अवसरमा गरिएको शुभकामना कार्यक्रममा कुँडहरको मात्र नभै पोखराकै पहिचानमा ढेवाजू परिवारको योगदानको वारे डा पराजुलीले प्रशंसा गरे । पोखरा महानगरपालिका वडा नं १३ स्थित कृष्णबहादुर ढेवाजू टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानका अध्यक्ष प्रा. तारा वरालको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्की, कवि हनिफ मियाँ, समाजसेवी शारदा पराजुली सिग्देल लगायत वोलेको कार्यक्रममा प्रतिष्ठानका सचिव राजेन्द भण्डारीले संचालन गरेका थिए।

# कर्मचारी युनियनको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**



नेपाल निजामती कर्मचारी युनियन पशुपन्छी तथा मत्स्य विका निर्देशनालय पोखराले शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ।

विभिन्न चाडपर्वको सन्दर्भ पारेर युनियनले कार्यक्रम गरेको हो।

कार्यक्रममा बोल्दै नेपाली काँग्रेस कास्कीका प्रवक्ता नवीन सिग्देलले कर्मचारी स्थायी सरकार भएको बताउनुभयो । कर्मचारीले आफ्नो मनोबललाई उच्च बनाउँदै सेवामा समर्पित हुनुपर्ने उहाँको भनाइ छ। नेपाल निजामती कर्मचारी युनियनका उपाध्यक्ष नारायण शर्माले कर्मचारीबीच एकता आवश्यक रहेको औल्याउनुभयो।

त्यस अवसरममा युनियन केन्द्रीय सदस्य कृष्ण प्रसाद अर्याल, गण्डकी प्रदेश उपाध्यक्ष चित्रा ढकाल, कास्की अध्यक्ष डार्विन लम्साल, सचिव सुरेशकुमार श्रेष्ठ, नेपाल स्वास्थ्यकर्मी संघ गण्डकी प्रदेश अध्यक्ष नारायण बराल, कास्की अध्यक्ष उदयकान्त तिवारी लगायतले बोल्नुभएको थियो ।श

संस्थाका अध्यक्ष गोमा कुमारी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम सचिव शंकर थापाले संचालन गर्नुभएको थियो।

# म्याग्दीको लाम्पाटामा क्याम्पस भवन निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ कार्तिक**

म्याग्दीको मङ्गला गाउँपालिका-२ लाम्पाटामा क्याम्पस भवन निर्माण गरिएको छ । गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको साझेदारीमा रु एक करोड ५० लाखको लागतमा उक्त भवन निर्माण सम्पन्न भएको हो।

दश कोठा र एक सभाहलसहितको तीन तले भवन निर्माण सम्पन्न भएपछि रु ५० लाखको लागतमा थप चार कोठे भवन निर्माण सुरु गरिएको छ । क्याम्पस प्रमुख प्रितमबहादुर खत्रीका अनुसार सो भवन निर्माण गर्न विश्वविद्यालय अनुदान आयोगले सहयोग गरेको हो।

आर्थिक वर्ष २०७६/७७ मा प्रतिनिधिसभा सदस्य भुपेन्द्रबहादुर थापाको सिफारिसमा विनियोजन भएको स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमको रु ७० लाख र गाउँपालिकाको रु ३० लाखमा सो भवन निर्माण गरिएको हो। सोही भवन आर्थिक वर्ष २०७७/७८ मा गण्डकी प्रदेशसभा सदस्य नरदेवी पुनको सिफारिसमा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु २५ लाख तथा गाउँपालिकाको रु २५ लाखमा ६ कोठा र सभाहल निर्माण गरिएको छ । चालू आवमा विश्व विद्यालय अनुदान आयोगले उपलब्ध गराएको रु ५० लाखमा चार कोठे भवन निर्माण सुरु गरिएको छ। थप भवन निर्माणका लागि जग्गा खरिद गर्न रु ८७ लाख चन्दा सङ्कलन गरिएको थियो । रु ५६ लाखमा लाम्पाटामा ३३ रोपनी आठ आना जग्गा खरिद गरी क्याम्पस भवन निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले जानकारी दिनुभयो । विसं २०६६ मा स्थापना भएको क्याम्पस बाबियाचौरस्थित मङ्गला माविको भवनबाट सञ्चालन हुँदै आएको छ। नयाँ भवनबाट क्याम्पस सञ्चालन गर्ने तयारी भइरहेको सञ्चालक समितिका अध्यक्ष यामबहादुर थापाले बताउनुभयो।

नयाँ भवनको दुई कोठामा छात्राबास सञ्चालन गरिएको छ । शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक तहको पठनपाठन हुने उक्त क्याम्पसमा हाल १२४ विद्यार्थी अध्ययनरत छन् । अर्थशास्त्र, गणित, अंग्रेजी र नेपाली विषयको पठनपाठन हुने उक्त क्याम्पसमा ८० प्रतिशतभन्दा बढी विद्यार्थी छात्रा छन् । समुदाय स्तरबाट सञ्चालित क्याम्पसमा तीन पूर्णकालिन, नौ आंशिक प्राध्यापक र तीन कर्मचारी कार्यरत छन्।




# देशलाई आत्मनिर्भर बनाउन एक सहकारी एक उत्पादन रणनितीमै जानु पर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले देशलाई आत्मनिर्भर बनाउन एक सहकारी एक उत्पादन रणनितीमा जानुको विकल्प नभएको बताउनु भएको छ।

पोखरा १३ स्थित आर्वा (साभा) मा रहेको रतन पाण्डे बचत तथा ऋण सहकारी संस्थाको १७ औं बार्षिक साधारण सभाको शनिबार पोखरामा उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

हरेक बर्ष विदेशबाट धेरै बस्तुहरु आयात गरिएकोले त्यसलाई न्यूनिकरण गर्दै देशलाई आत्मनिर्भर बनाउन सबैको ध्यान केन्द्रित हुनुपर्ने मन्त्री बरालको भनाई थियो। मन्त्री बरालले आर्वा क्षेत्रका स्थानियले माग गरेका विकास निर्माणलमा प्रदेश सरकारले केही न



केही सहयोग गर्ने वचन दिनु भयो। संघिय लोकतान्त्रिक गणतन्त्रलाई रक्षा गरी यस प्रणालीको स्थायीत्वको लागि गठबन्धन भएको उहाँको भनाई थियो। पवित्र गठबन्दन भएको दाबी गर्दै मन्त्री बरालले उक्त गठबन्दनलाई कसैले अप्राकृतिक गठबन्दन भन्ने गरे पनि आफुहरुको गठबन्धन आगामी निर्वाचनसम्म एकता भएर अघि बढ्ने दाबी गर्नु भयो। कार्यक्रममा जिल्ला विकास समिति कास्कीका पूर्व सभापति श्रीनाथ बरालले वित्तिय क्षेत्रको आवश्यकतालाई रतन पाण्डे सहकारीले पुरा गर्दै आएको बताउनु भयो।

सहकारीहरुले अब कम व्याजदरमा उत्पादन क्षेत्रमा लगानी गर्न उहाँले आग्रह गर्नु भयो। बाढी र पहिरोबाट प्रभावितहरुलाई पुनःस्थापना गर्न बरालले आग्रह गर्नु भयो। रोजगार बढाउने रावश्व बृद्धि गर्ने कार्यमा सहकारीले सहयोग पुराउने डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदारप्रसाद बरालले बताउनु भयो। यस बर्षको पहिरोले आर्वाको डाँडा समेत भाषिएकोले पहिरो नियन्त्रण गर्न उहाँले माग गर्नु भयो।

सहकारीका अध्यक्ष वसन्त शर्मा अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा १३ का वडा सदस्य कमला वि.क., सम्मानितहरु मध्यबाट दीपक बराल, उपाध्यक्ष नारायण बराल, सचिव गोपाल बराल लगायतले सहकारीको बारेमा चर्चा गर्नु भएको थियो। उक्त सहकारीमा हाल २ सय ७७ जना शेयर सदस्य रहेको सदस्य शरदचन्द्र बरालले बताए।

सहकारीले १ करोड २४ लाखमा जग्गा खरिद गरी आगामी दिनमा आफ्नै भवनबाट कार्यालय सेवा संचालन गर्ने भएको छ। संस्थामा ४ करोडको शेयर पुजिं रहेको छ भने करिब १५ करोड रुपैया लगानी भएको छ।

# कोन सहकारीमा संरक्षित पुँजी फिर्ता कोषले सदस्यको आकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

हजुरसँग पैसा छ ? सहकारीमा जम्मा गर्नु भयो ? केही कामको लागि ऋण लिंदै हुनुहुन्छ ? अब रकम जम्मा गर्ने देखी ऋण लिने योजना बनाउनु भयो भने कोन सहकारीलाइ सम्भनु होला। कोन सहकारीमा पैसा बचत गरेपनि राम्रो, ऋण लिए पनि राम्रो।

पोखरा महानगरपालिका वडा नं १३ बाँफाप्टन स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले शेयर सदस्यहरुलाइ दिएको संरक्षितपुँजी फिर्ताकोष सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सो कुरा बताइएको हो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिका मानार्थ संरक्षक तथा निवर्तमान अध्यक्ष शरदकान्त सिग्देलले अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै सहकारी ऐनमा व्यवस्था भए अनुसार संरक्षितपुँजी फिर्ताकोषबाट नगद बचत गर्ने र ऋण लिने दुवै शेयर सदस्यहरुको खातामा पैसा जम्मा



गरिसकिएको जानकारी दिए। मानार्थ संरक्षक सिग्देलले सहकारी ऐन र नियमावली अनुसार सहकारीमा शेयर लाभांश बाहेक कारोबारका आधारमा अतिरिक्त रकम पाइने भएकोले आगामी दिनमा शेयर सदस्यहरुले सहकारीसँग अझै कारोबार बढ्दै जाने भने।

कोन सहकारीका महाप्रवन्धक अपिल कोइरालाले सहकारी ऐन अनुसार संरक्षितपुंजि फिर्ताकोषको रकम सदस्यहरुको वार्षिक रुपमा कारोबार गरेको आधारमा सम्बन्धित सदस्यहरुलाइ उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको जानकारी गराए। महाप्रवन्धक कोइरालाले संरक्षित फिर्ता पुँजि कोषको कानुनी प्रावधान, परिचालन गर्ने तरिका र यसको महत्व बारे लगायतका विषयमा सहजीकरण गरेका थिए। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा सहकारीका कोषाध्यक्ष जयप्रसाद सापकोटाले स्वागत गर्दै पैसा जम्मा गर्ने र ऋण लिने शेयर सदस्यहरुलाइ राम्रो कार्यक्रम रहेको चर्चा गरे। कार्यक्रममा शेयर सदस्य द्वय अर्जुन सिग्देल, फणिन्द्र लामिछाने, व्यवसायी मिलन थापा, सन्तोष पोखरेल लगायत वोलेको कार्यक्रममा संचालन सचिव शान्त कुमार श्रेष्ठले संचालन गरेका थिए।

# युनाईटेड क्लवको १२ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

युनाईटेड क्लवपोखराको १२ औ वार्षिक साधारण सभा तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ। शिक्षा, स्वास्थ, खेलकुद, पर्यटन प्रवर्द्धनका लागि पोखरामा खुल्ला चिडियाखाना निर्माणमा पहलकदमी उठाउदै आएको क्लवले आफ्नो १२ औ वार्षिकोत्सव सम्पन्न गरेको हो।

साधारण सभाको उद्घाटन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख वैन बहादुर क्षेत्रीले तत्कालिन समयमा राज्यले सामाजिक संस्थालाई आफ्नो अधिनमा राख्ने काम गरेकै कारण स्वतन्त्रतापूर्वक उल्लेख्य काम गर्न नसकिरहदा लोकतन्त्रको स्थापना पछि स्थापित युनाईटड क्लव विशुद्ध रुपमा सामाजिक काममा अगाडि वढिरहेकाले अब सानो तिनो कुरामा अल्मलिन नहुनेमाजोड दिए।

सरकारलाई सहयोग गर्ने काम संघ संस्थाको भएकाले सहकार्य गरि अगाडि वढ्दै आगामि दिनमा युनाइटेड क्लवले नेपालभर



सदस्यता वितरण गरि वृहत्तर रुपमा आफ्नो उदेश्यमा अगाडि वढ्न उनले सुभाव दिए। अधिकारिले क्लवले आयोजना गर्ने हरेक काममा साथदिन बताउदै पोखरामा निर्माणाधिन अवस्थामा रहेको चिडियाखाना निर्माणका लागि समेत सहयोग गर्ने प्रतिवद्दता ब्यक्तगरे। पोखरा–१० का कार्यवाहक अध्यक्ष सम्मर बहादुर श्रेष्ठले क्लवको कामले पोखरालाई राष्ट्रिय स्तरमा चिनाउन सफल भएको वताउदै प्रदेश सरकारले पनि यसप्रति चासो दिनु पर्नेमा जोड दिए। संस्थापक अध्यक्ष हिमालय बखेलले क्लव स्थापनादेखि निरन्तर लगावका कारण पोखरामा खुल्ला चिडियाखाना निर्माणसँगै आफ्नै जग्गा खरिद गर्न सफल भएको र निकट भविष्यमा आफ्नै जग्गामा क्लवको उधेश्य अनुरुपको काम गर्ने समेत वताए।

अमरसिंह उच्च माविका अध्यक्ष तेजस्वी वरालले युनाईटेड क्लवले शिक्षा, स्वास्थ्य पर्यटन प्रवर्द्धन जस्ता संवेदनशील क्षेत्रमा गरेको कामको प्रशंसा गर्दै राज्यले गर्नुपर्ने कामक्लवले गरेकोमाधन्यवादव्यक्तगर्दै क्लवका हरेक काममा सहकार्य गरेर अगाडि वढ्ने वताए। पचभैया सामुदायिक वनका अध्यक्ष दिननाथ ढकालले सामाजिक कार्यमा अग्र स्थानमा रहेको युनाईटेड क्लवसंग २०६७ बाट सहकार्य गर्दै आएको र विचमा केही उतार चढाव आएको र अहिले पनि छलफलमै रहेकाले आगामी दिनमा सकारात्मक ढंगले सहकार्य गरि पुराना कुरा बिर्सेर अगाडि बढ्ने वताए।

युनाईटेड क्लव र आफुहरुको बन समितिमिलेर पचभैया क्षेत्र लाई नया पर्टकीयगन्तव्यवनाउन एकजुट भएर लाग्ने वताए। कार्यक्रममा क्लवका अध्यक्ष राजु श्रेष्ठले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिएभने महासचिव शान्तबहादुर थापाले महासचिवर कोषाध्यक्ष सुर्य वहादुर वानियाले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा आजीवन सदस्य सविता श्रेष्ठ रन्जित, सल्लाहकारको तर्फवाट गोविन्द घिमिरे लगायतले वोलेका थिए भने क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रथम अध्यक्ष लोक बहादुर थापाले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन महासचिव शान्तवहादुर थापाले गरेका थिए।

# आन्तरिक पुजिंलाई उचित ढंगले परिचालन गर्ने गृहकार्य गर्दैछौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेशको आन्तरिक पुजिलाई उचित ढंगले परिचालन गर्ने गृहकार्य सुरु गरेको बताउनु भएको छ।

पोखरा चिप्लेढुंगाको सरल बचत तथा ऋण सहकारी संस्थाको शनिबार सम्पन्न भएको १४ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। प्रदेशमा बहुबर्षीय योजनाले दाहित्व बढ्दै जादा आन्तरिक पुजि समेत बृद्धि गर्नुपर्ने भएकोले त्यसको लागि प्रदेश सरकारले आन्तरिक पुजि कसरी बृद्धि गर्न सकिन्छ त्यसमा हाल ध्यान केन्द्रित हुन थालेको मन्त्री बरालले बताउनु भएको छ।

सहकारीको नाम अनुसार काम र सहकारीका ७ सिद्धान्त अनुसार काम गरेमा तीन खम्बे



अर्थ निती अनुरुप सरकारलाई समेत सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नु भयो।

सहकारीका अध्यक्ष निर्मल प्रसाद बास्तोलाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेप्स्कुनका पोखरा फिल्ड कार्यालयका प्रमुख यमकला पौडेल, सिएमसी कास्कीका अध्यक्ष अपिल कोइराला, कास्की बचत संघका सचिव इश्वर प्रसाद सुवेदी, जिल्ला सहकारी संघका कास्कीका वरिष्ठ उपाध्यक्ष छवि लामिछाने, सहकारीका उपाध्यक्ष सरस्वती श्रेष्ठ, सचिव इन्द्र बहादुर कार्की लगायतले बोलेका थिए। सहकारीमा ९ सय ७१ जना शेयर सदस्य रहेका छन भने १७ करोड २१ लाख २१ हजार सम्पत्ति रहेको छ।

संस्थाले गत बर्ष भन्दा यस बर्ष ९३ प्रतिशतले जगेडा कोष बृद्धि गरेको छ। ४ लाखबाट संस्थाले बृद्धि गरी करिब ८ लाख जगेडा कोषमा बृद्धि गरेको व्यवस्थापक हरि प्रसाद पन्थीले बताउनु भयो। संस्थाले करिब ११ करोड ऋण लगानी गरेको छ।

# दुई पालिकामा कोरोना संक्रमित शून्य, गण्डकीमा नौ लाखले लगाए खोप

**पोखरापत्र संवाददाता**
**तनहुँ, १३ कार्तिक**

तनहुँका दश स्थानीय तहमध्ये दुई गाउँपालिकामा कोरोना सङ्क्रमित शून्य भएको छ। देवघाट र आँबुखैरेनी कोरोना सङ्क्रमणमुक्त गाउँपालिका भएको हो।

देवघाटका ९० र आँबुखैरेनीका एक सय ११ सङ्क्रमित निको भएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ। दोस्रो लहरको कोरोना सङ्क्रमण सुरु भएपछि देवघाटका एक र आँबुखैरेनीका एक सङ्क्रमितको मृत्यु भएको छ। हाल जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या ४७ रहेको कार्यालयका जनस्वास्थ्य अधिकृत कुसुम श्रेष्ठले जानकारी दिनुभयो। भानुमा पाँच, व्यासमा १३, शुक्लागण्डकीमा १६, भिमादमा तीन, म्याग्देमा ६, घिरिङमा एक, ऋषिङमा एक र बन्दिपुरमा एक सक्रिय सङ्क्रमित छन्। सबै सङ्क्रमित होम आइसोलेसनमा छन्। जिल्लामा हालसम्म पाँच हजार तीन सय ७५ जनामा सङ्क्रमण पुष्टि भएकामा पाँच हजार दुई सय चार जना निको भएका छन्। यसक्रममा एक सय २४ सङ्क्रमितको मृत्यु भएको कार्यालयले जनाएको छ। तनहुँमा एक लाख बढीले कोरोना भाइसरविरुद्धको खोप लगाएका छन्। जिल्लाका एक लाख आठ हजार तीन सय एकले कोरोना विरुद्धको पहिलो मात्रा लगाएका छन्। दुवै मात्रा लगाउनेको सङ्ख्या ६५ हजार आठ सय ३८ रहेको छ। जिल्लामा विभिन्न चरणमा कोभिशिल्ड, भेरोसेल, जोन्सोन, एष्ट्राजेनेका खोप अभियान सञ्चालन हुँदै आएको छ। त्यसक्रममा ४५ वर्षमाथिका नागरिक, १८ वर्षमाथिका विद्यार्थी, व्यवसायी, पत्रकार, सुरक्षा निकाय, कर्मचारी लगायतलाई प्राथमिकताका आधारमा खोप लगाइएको छ।

गण्डकी प्रदेशमा हालसम्म नौ लाख १० हजार चार सय १५ ले पहिलो मात्रा लगाएका छन् भने दुवै मात्रा लगाउनेको सङ्ख्या छ लाख २२ हजार नौ सय ६७ रहेको छ।

गोरखामा ७८ हजार ३१ ले पहिलो र ५६ हजार एक सय नौ ले दुवै, कास्कीमा दुई लाख ७८ हजार दुई सय ९७ ले पहिलो र एक लाख ८८ हजार छ सय २९ ले दुवै, लमजुङमा ६९ हजार सात सय ६७ ले पहिलो र ५० हजार नौ सय ८५ ले दुवै, नवलपुरमा एक लाख आठ हजार ६३ ले पहिलो र ६९ हजार पाँच सय ९६ ले दुवै, बागलुङमा ७४ हजार एक सय १५ ले पहिलो र ५० हजार तीन सय ०२ ले दुवै, म्याग्दीमा ३९ हजार पाँच सय ३२ ले पहिलो र २१ हजार तीन सय ३६ ले दुवै, पर्वतमा ४४ हजार चार सय १८ ले पहिलो र ३७ हजार तीन सय ८६ ले दुवै, स्याङजामा ९८ हजार चार सय ४० ले पहिलो र ७१ हजार आठ सय ४३ ले दोस्रो, मनाङमा पाँच हजार ८८ ले पहिलो र चार हजार चार सय ७९ ले दोस्रो, मुस्ताङमा छ हजार तीन सय २७ ले पहिलो र छ हजार तीन सय ९४ ले दुवै मात्रा लगाएका छन्।

# संसदीय टोलीद्वारा बेनी–जोमसोम–कोरला सडक अनुगमन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ कार्तिक**

राष्ट्रियसभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय उपसमितिको टोलीले उत्तर दक्षिण जोड्ने कालीगण्डकी कोरिडोरअन्तर्गत बेनी–जोमसोम–कोरला सडकको अनुगमन गरेको छ।

उपसमितिका सभापति अनिता देवकोटा, सदस्य नारायणकाजी श्रेष्ठ र इन्दिरादेवी गौतमसहित सचिवालयका दुई कर्मचारीको टोलीले म्याग्दीको उत्तरी क्षेत्र हुँदै चीनको सिमानामा रहेको कोरला नाका जोड्ने १८६ किलोमिटर दूरीको सडक निर्माण अवस्थाको बारेमा जानकारी लिएको हो। संसदीय टोलीले स्थलगत निरीक्षणका साथै आयोजनाका अधिकारी, जनप्रतिनिधि, स्थानीयवासीसँग छलफल र निर्माण व्यवसायी तथा प्राविधिकलाई निर्देशन दिएको बेनी–जोमसोम–कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले बताउनुभयो।

अनुगमनपछि राष्ट्रियसभा सदस्य तथा नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले २५ किलोमिटर दूरीको चराङ–छोसेर खण्डको सडक निर्माणमा भएको ढिलाइका बारेमा ध्यानाकर्षण भएको र सम्बन्धित निर्माण व्यवसायीलाई तीव्रता दिन निर्देशन दिएको बताउनुभयो। "चीनले गरेको तयारीले हामीलाई सडक, भन्सारलगायत पूर्वाधार निर्माणलाई तीव्रता दिन दबाब परेको छ", उहाँले भन्नुभयो, "कोरला नाकामा पूर्वाधार निर्माण र सुरक्षा उपस्थिति बढाएर नाका सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ।" टोलीले कोरला नाकादेखि १३ किलोमिटर नेपालतर्फ छोसेरमा रहेको सिमा सुरक्षा पोष्टलाई नाकाको नजिकै स्थानान्तरण गर्न सरकार, गृह, परराष्ट्र मन्त्रालयमा प्रस्ताव गर्ने बताउनुभयो। बिहीबार जोमसोम हुँदै कोरला नाकासम्म पुगेर फर्किएको टोलीले शुक्रबार जोमसोमदेखिलेतेसम्मनिर्माणाधीन सडक अवलोकन गरेको थियो। आयोजना प्रमुख प्रजापतिले जोमसोम–कोरला खण्डको सातमध्ये छवटा प्याकेज निर्माण सकिएको, जोमसोम–कागबेनी सडक कालोपत्रे हुन लागेको, बेनी–जोमसोम सडकको तेस्रो प्याकेज कैकुखोला–खन्ती खण्ड कालोपत्रे अन्तिम चरणमा रहेको र तीन वटा प्याकेजको काम भइरहेको जानकारी गराउनुभएको थियो। उपसमिति सभापतिदेवकोटाले राष्ट्रियसरोकार तथा समन्वय समितिअन्तर्गत राष्ट्रिय गौरवको आयोजनाको अनुगमन गर्ने सिलसिलामा मुस्ताङ आएको बताउनुभयो। यसैगरी बेनी–जोमसोम सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ काफ्रेमा पहिरोग्रस्त क्षेत्रमा डाइभर्सन (वैकल्पिक) सडक बनाउन लागिएको छ।

कालीगण्डकीले कटान गरेर यसअघि बनाइएको सडक भाँसिएर साँघुरिदा सवारी साधन आवतजावत प्रभावित र दुर्घटनाको जोखिम बढेकाले करिब २०० मिटर नयाँ ट्र्याक खोलेर डाइभर्सन बनाउन लागिएको हो। ठेकेदार कम्पनी शर्मा–गजुरमुखीको डुईवटा स्काभेटरसहितका उपकरण परिचालन भएको हो। नयाँ सडक निर्माण भएपछि साँघुरो र उकालो सडकमा गाडी फसेर यात्रु घण्टौं जाम बस्नुपर्ने समस्या हट्ने बेनी जोमसोम कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले बताउनुभयो।

# उद्यमशीलता विकासका लागि पोखरा विश्वविद्यालय र नवील बैंकबीच सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ कार्तिक**

पोखरा विश्वविद्यालयमा सञ्चालित उद्यमशीलता विकास कार्यक्रमको चार वर्षे स्नातक तहमा अध्ययन गर्न चाहने विद्यार्थीलाई अध्ययन गर्न तथा अध्ययनपश्चात् उद्यम/व्यवसाय सञ्चालन गर्न सहजीकरण गर्ने उद्देश्ले पोखरा विश्वविद्यालय र नवील बैंक लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्याल तथा रजिष्ट्रार डा दीपकबहादुर भण्डारीको उपस्थितिमा मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन, सह प्राडा अजय थापा र नवील बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी शाहले समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गर्नुभएको हो। कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले विश्वविद्यालयले देशलाई आवश्यकपर्ने उद्यमी जन्माउने कार्यलाई अभियानका रूपमा लैजाने बताउनुभयो। उहाँले परम्परागत शैलीको पठनपाठनमा आमूल परिवर्तन गरी विद्यार्थीलाई उद्यमशीलतामा आकर्षित ज्ञान र सीप दिने उद्देश्यले नेपालमै पहिलोपटक उद्यमशीलता विकासमा पठनपाठन सुरु गरिएको बताउनुभयो। विश्वविद्यालयका रजिष्ट्रार सह प्राडा दीपकबहादुर भण्डारीले विद्यार्थीले जागिर खोज्ने नभई रोजगारी सिर्जनाका लागि पढ्नुपर्नेमा जोड दिनुभयो।